# चुमनुब्री गाउँसभामा

# अध्यक्ष श्री निमा लामाद्धारा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम

चुमनुब्री गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिर्दिबास, गोरखा

गण्डकी प्रदेश, नेपाल

पेश भएको : मिति २०८३ साल असार ९ गते।

चुमनुब्री गाउँपालिकाका उपाध्यक्ष ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वडा अध्यक्ष ज्यूहरु,
सभा सदस्य ज्यूहरू,

उपस्थित कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँ सभाका सदस्य ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढीकरण गर्दै " दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री " को दिर्घकालीन सोचलाई सार्थक तुल्याउन यस नीति तथा कार्यक्रमले थप टेवा पुऱ्याउने विश्वास लिएको छु ।
२. यस गाउँसभालाई सम्बोधन गरिरहँदा राष्ट्रलाई निरङ्कुश शासन प्रणालीको अध्याँरोबाट जनताका जनप्रतिनिधि मार्फत राज्य सञ्चालन गर्ने, संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउने क्रममा आफ्नो ज्यानको आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।
३. सिमित स्रोत र साधनको अधिकतम परिचालन गरी गाउँपालिकाको समष्टिगत विकास गर्ने स्पष्ट दृष्टिकोण र "दिगो विकास अनुपम संस्कृति उन्नत पर्यटन समृद्ध चुमनुब्री" को दिर्घकालीन सोच सहित दोश्रो पञ्चवर्षीय आवधिक विकास योजना तयार गरी आवधिक योजनाको लक्ष्य र उद्देश्य हासिल गर्ने दिशामा अगाडी बढीरहेको छ ।
४. स्थानीय तहको दोस्रो निर्वाचन पश्चात गठन भएको चुमनुब्री गाउँ कार्यपालिका, व्यवस्थापिकाको रूपमा रहेको स्थानीय सभा र न्यायिक समितिको यो अन्तिम नीति तथा कार्यक्रम रहेको हुँदा हाल सम्म भएका प्रगति तथा असल अभ्यासहरूलाई सँस्थागत गर्ने, सुशासन, समृद्धि तथा विकास यात्राको जगलाई अझ मजबुत बनाउने यो नीति तथा कार्यक्रमको मुख्य ध्येय हुनेछ ।
५. चुमनुब्री गाउँपालिकाको प्राथमिकता र आवश्यकताका महत्वपूर्ण विषयहरु संक्षिप्त रुपमा पेश गरेको छु ।

- चुमनुब्री गाउँपालिकाको शैक्षिक तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्नका लागि पूर्वाधार विकास तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- चुमनुब्री गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणका लागि ठेक्का सम्झौता भईसकेकोमा स्थानीय पूर्वाधार विभाग, जिल्ला समन्वय समितिसँग साझेदारी गरी निर्माण कार्यलाई तिव्रताका साथ अगाडी बढाइनेछ ।

- वेनिघाट रुइला नाका उत्तर दक्षिण लोकमार्ग यथाशिघ्र सम्पन्न गर्न बजेटमा प्राथमिकता दिन संघीय सरकारसँग आवश्यक पहल गरिनेछ।
- सिर्दिबास देखि चुमचेत, छेकम्पार हुँदै ङुइला भन्ज्याङ नाका जोड्ने उत्तर दक्षिण लोकमार्ग निर्माणको लागि सर्भे कार्य सम्पन्न भईसकेकोमा निर्माण कार्यका लागि आवश्यक पहल गरिनेछ।
- गाउँपालिका केन्द्र फिलिम बजार जोड्ने मोटरेबल पुल निर्माण प्रक्रिया अगाडि बढाई सडक सञ्जालमा चुमनुब्री गाउँपालिकालाई जोडिनेछ भने बुढिगण्डकी फिलिम मोटरेबल पुल निर्माणका यस क्षेत्रमा लगानी गर्ने जलविद्युत कम्पनीहरूसँग समन्वय गरी आवश्यक पहल गरिनेछ।
- चुमनुब्री गाउँपालिका भित्र रहेका फिलिम-लार्के पदमार्ग, चुमभ्याली पदमार्गको स्तरोन्नती गरी सुरक्षित एवं सहज बनाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- चुमनुब्री गाउँपालिकाको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२ - ८५/८६) अनुरूप बजेट तथा कार्यक्रमहरुलाई आवधिक योजना अनुरुप सञ्चालन गरिनेछ।
- यस गाउँपालिकाको वडा नं. ६, चुमलिङ सिद्ध गणेश आधारभूत विद्यालय निर्माणलाई निरन्तरता दिई सम्पन्न गरी स्थानान्तरण गरिनेछ।
- चुम उपत्यकाको ऐतिहासिक श्याग्या(अहिंसा) परम्परालाई गिनिज बुक अफ वर्ल्ड रेकर्डमा राख्न विशेष पहल गरिनेछ।
- चुमनुब्री गाउँपालिकाभित्र वर्षेनी लाग्ने डढेलो तथा आगलागी नियन्त्रण गर्न सरोकारवालाहरुसँग साझेदारी गर्दै डढेलो तथा आगलागी नियन्त्रण गर्न विशेष कार्यक्रम गरिनेछ।
- नेपाल टेलिकमबाट विस्तार गरिएको इन्टरनेट सेवालाई पालिकाभित्र छिटो, छरितो, सस्तो र उच्च गतिमा सञ्चालन गर्न चुमनुब्री गाउँपालिका वडा नं ७ छेकम्पार, वडा नं ६ सिप्चेत वडा नं ५ सेराङ, वडा नं ३ फिलिममा टावर निर्माण तथा सेवा विस्तारका लागि लागत साझेदारी सहित आवश्यक पहल गरिनेछ।
- चुमनुब्री गाउँपालिकाको भुउपयोग वर्गिकरण योजनामा रहेका त्रुटी हटाई कार्य सम्पन्न गरीनेछ।
- स्थानीय स्तरका सामान्य प्रकृतिका विवाद समाधानका लागि वैकल्पिक उपायहरू अवलम्बन गर्दै न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन आवश्यक कर्मचारी, अभिलेख व्यवस्थापन तथा संक्षिप्त कार्यविधि अनुरुप न्याय निरूपण कार्यलाई चुस्त दुरुस्त बनाइनेछ।

- न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी तथा व्यवस्थित बनाउनका लागि सचिवालय व्यवस्थापन गरिनेछ साथै सबै वडा कार्यालयहरूमा मेलमिलाप केन्द्र स्थापना गरी व्यवस्थित बनाईनेछ।
- चुमनुब्री गाउँपालिकालाई सिसा तथा प्लाष्टिकमुक्त गाउँपालिका बनाउन आवश्यक नीतिगत व्यवस्था गर्दै कार्यान्वयनमा लगिनेछ।
- चुमनुब्री गाउँपालिका प्रदुषणमुक्त क्षेत्र घोषणा भईसकेकाले आवश्यक बजेट व्यवस्थापन गरी कार्यान्वयनमा लगिनेछ।
- चुमनुब्री गाउँपालिकाको सबै सामुदायिक तथा धार्मिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सामाग्री, सूचना-प्रविधिका सामाग्री तथा विद्यालय क्षमता अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

- तीनै तहका सरकारवीच कार्यात्मक अन्तरसम्बन्ध सुदृढ गरी काममा आउन सक्ने दोहोरोपनालाई अन्त्य गरिनेछ।
  - वुद्ध मा.वि. लाई तह बढाई गरी १२ कक्षासम्म प्राविधिक शिक्षालय सहित पठनपाठनको लागि आवश्यक अध्ययन सहित शिक्षक कर्मचारी अनुदान र ल्याब व्यवस्थापन लगायतका कार्य गरिनेछ
  - चुमनुब्री गाउँपालिकाको आन्तरिक राजस्व संकलनलाई थप सुदृढ र चुस्त बनाइनेछ। गाउँपालिकाभित्र हुने सबै प्रकारका व्यवसायिक गतिविधिहरुलाई गाउँपालिकामा व्यवसाय दर्ता गराउन थप पहल गरिनेछ। जडिवुटी तथा पर्यटनबाट प्राप्त हुने राजस्वलाई बढावा दिनको लागि सरोकारवालाहरुसँग समन्वय र साझेदारी गरिनेछ।
  - फोहोर व्यवस्थापन तथा सरसफाई कार्यलाई प्रभावकारी बनाउन डम्पिङ साईट एवं टोलटोलमा सरसफाई सामाग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
  - चुमनुब्री गाउँपालिका भित्र सडक सञ्जालबाट प्रभावित हुने पदमार्गहरूको वैकल्पिक पदमार्ग निर्माणमा जोड दिईनेछ।
  - भेडा पालन गर्ने न्याक, पाङसिङ, न्याकचेत लगायत वडा नं ३ का अन्य ठाउँका भेडापालक कृषकलाई उन्नत जातको भेडापालनको लागि घुम्ति गोठ सामाग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
  - पालिकाभित्रका होटल तथा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न पर्यटक गाईड तालिम, माउन्टेन गाईड तालिम, बारिष्टा तथा कुक तालिम जस्ता विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

- सिर्दिबास, विही, प्रोक, चुमचेत, छेकम्पार र ल्होमा स्याउ पकेट क्षेत्र सञ्चालन गरी आवश्यक प्राविधिक तथा आर्थिक अनुदान उपलब्ध गराइनेछ । उक्त स्थानहरुबाट उत्पादित स्याउलाई मनास्लु स्याउ को रुपमा ब्राण्डिङ गर्ने नीतिगत व्यवस्था गरिनेछ भने स्याउ प्रशोधन गरी बजारीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- चुमनुब्री गाउँपालिका वडा नं. ३ स्थित देवल, नाक्चेत, घट्टेखोला,चुमनुब्री गाउँपालिका वडा नं. ६ स्थित लोक्पा, चुमनुब्री गाउँपालिका वडा नं. ७ स्थित छुले गाउँ पहिरो नियन्त्रणको लागि केन्द्र सरकारसँग पहल गरी बस्ती स्थानान्तरण तथा पुनर्निर्माणको कार्यलाई प्राथामिकताका साथ अगाडि बढाइनेछ ।
- युवाहरुलाई विदेश जानबाट रोक्न गाउँमै कृषि, व्यापार, व्यवसाय, पर्यटन, जडिबुटी ,उद्योगधन्दा तथा अन्य रोजगारीका गतिविधिमा संलग्न गराइनेछ र गाउँपालिकाभित्र रहेका उद्यमीहरुको पहिचान गरी स्थानीय स्रोत र सीपमा आधारित उद्यमशिलता विकासलाई जोड दिइनेछ । उद्यम विकास कार्यक्रमलाई जीविकोपार्जन तथा स्वरोजगारसँग जोडिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका नापी छुट भएका जग्गा दर्ता तथा अव्यस्थित बसोबासी र सुकुम्बासी समस्याको समाधान गर्न जग्गा निस्सा वितरण भईसकेकोमा संघीय सरकारसँग समन्वय गरी संरक्षण क्षेत्रमा जग्गा धनी पुर्जा वितरण गर्ने कार्यलाई प्रथामिकताकासाथ अघि बढाईनेछ ।
- सिर्दिवास स्वास्थ्य चौकीमा निर्माधाधिन वर्थिङ सेन्टर भवनबाट सेवा स्तररोन्नती गरिनेछ ।
- सातै वटा वडाभित्र रहेको पुरातात्विक, धार्मिक महत्वका वौद्ध गुम्बाहरुको जिर्णोद्धार तथा पुनर्निर्माण गरी वौद्ध शिक्षा तथा धार्मिक सांस्कृतिक पर्यटनको प्रवर्द्धन गरिनेछ ।
- चुम भ्यालीको चुमचेत हुँदै नुब्री भ्याली विही जोड्ने पर्यटकीय पदमार्ग निर्माण भइसकेको छ । उक्त पदमार्गलाई प्रचारप्रसार गरी पर्यटकीय आर्कषणको रुपमा विकास गरिनेछ ।
- दुर्घटना तथा प्राकृतिक विपत्तिबाट मृत्यु भएका परिवारहरुलाई काजकिरिया खर्चवापत् राहत उपलब्ध गराउन, वेवारिसे लास व्यवस्थापन गर्न, गरिब तथा विपन्न व्यक्तिलाई स्वास्थ्य उपचार खर्च उपलब्ध गराउन गाउँपालिका आकस्मिक कोष स्थापना गरिनेछ ।
- गरिब तथा जेहन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा टेवा पुग्ने गरी छात्रावृति उपलब्ध गराईनेछ ।

- आँखा स्वास्थ्य सम्बन्धी सेवा तथा उपचार गाउँपालिकाबाटै प्रदान गर्न तिलगंगा आँखा प्रतिष्ठान एवं सन्दुक रूईत फाउन्डेसनसँगको सहकार्यमा चुमनुब्री गाउँपालिकामा एक ग्रामिण आँखा केन्द्र स्थापना गरिनेछ ।
- चुमनुब्रीको स्थानीय सेरोफेरो सहितको स्थानीय पाठ्यक्रम निर्माण भईसकेको हुँदा सबै सामुदायिक विद्यालयमा अध्यापन गराउने व्यवस्था मिलाईनेछ ।
- सुत्केरी तथा इमर्जेन्सी विरामीहरुलाई हेलिकप्टरबाट तत्काल उद्धार गर्न हाल विभिन्न तहमा अनुमति लिनुपर्ने झन्झटिलो प्रक्रिया अन्त्य गर्नको लागि हवाई उडान प्रतिबन्ध हटाउनको लागि आवश्यक पहल गरिनेछ ।
- सँस्थागत सुत्केरी हुने दरलाई अभिवृद्धि गर्दै मातृ स्वास्थ्य तथा नवजात शिशु स्वास्थ्य सुधार गर्न पोषिलो झोला कार्यक्रमलाई म्याटरनीटी वेईटिङ रूम कार्यक्रम अन्तर्गत स्वास्थ्य सँस्थामा सुत्केरी अघि पछि गरी ५ दिन खाना वासको व्यवस्था मिलाईनेछ ।
- चुम र नुब्री तर्फका दुवै नाकाहरु वर्षेनी खुलाई द्विपक्षीय व्यापारमा सहजीकरण गराइदिन संघीय सरकारलाई  कुटनीतिक पहलको लागि अनुरोध गर्दै दुई देशीय स्थानीय व्यापारलाई सहज बनाइनेछ ।
- लार्के पास गर्ने पर्यटकहरुलाई लक्षित गरी प्राथमिक स्वास्थ्य उपाचार पाउने गरी धर्मशालामा सिजनल हेल्थ क्लिनिक टिम गाउँपालिकाबाट खटाइनेछ ।
- जडिबुटी खेती गर्ने किसानहरुलाई आवश्यक ज्ञान, सिप, प्रविधि हस्तान्तरण  अनुदान उपलब्ध गराइनेछ।
- गाउँपालिकाभित्र ठूला जलविद्युत आयोजना यथाशिघ्र निर्माण सूचारु गर्न पहल गरिनेछ र त्यसमा स्थानीय जनताको शेयर सुनिश्चित गराई निर्माण कार्यलाई प्रोत्साहन गर्न संघीय सरकारसँग प्रसारण लाइन निर्माणका लागि पहल गरिनेछ ।
- गाउँपालिकाभित्र विभिन्न प्राकृतिक खानीहरु जस्तै सुन, तामा, सिसा, शिलाजित, ढुङ्गा, वालुवा आदिको नेपाल सरकार खानी विभागसँग समन्वय गरी सम्भाव्यता अध्ययन गरिनेछ ।
- नेपाल सरकार वन मन्त्रालय र मनास्लु संरक्षण क्षेत्र आयोजना (MCAP) सँग समन्वय गरी वन्यजन्तु तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका र जिल्ला प्रशासन गोरखा/इलाका प्रशासन कार्यालय सिर्दिवासको समन्वयमा नागरिकता, राष्ट्रिय परिचयपत्र लगायतका घुम्ती सेवाहरु गाउँगाउँमा प्रवाह गरिने कार्यलाई प्रथामिकताका साथ अघि बढाईने छ ।

- स्थानीय उत्पादन जस्तै स्याउ, कोदो, गहुँबाट प्रशोधन गरी बिक्रियोग्य तयारी बस्तु बनाउन उत्पादनका आधारमा प्रशोधन, प्याकेजिङ तथा बजारीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई पारदर्शी, प्रभावकारी र मितव्ययी बनाउन राष्ट्रिय परिचयपत्र प्रणालीसँग आबद्ध गरी भुक्तानी बैंकिङ प्रणाली(Electronic Fund Transfer) लाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयहरुमा सुरक्षित खानेपानी, शौचालय, खेलकुद मैदान र कम्पाउन्ड/घेराबार निर्माण गरिनेछ ।
- यस गाउँपालिकामा रहेका बेरोजगारहरुको लगत संकलनलाई थप प्रभावकारी बनाई संघीय सरकारबाट शसर्त अनुदानको युवा रोजगार कार्यक्रमका अतिरिक्त गाउँपालिकाबाट पनि आवश्यक बजेटको व्यवस्था गरी रोजगारी प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- प्रसिद्ध बौद्ध धार्मिक स्थल राजेन गुम्बा, सेराङ गुम्बा, रिबुङ गुम्बा, हिनाङ गुम्बा, गुम्बा लोङडाङ, ल्हो गुम्बा, सामा गुम्बा, मुगुम्बा, चुम गुम्बा, पुरोन्फु(मिलारेपा) गुफा, छुले छोर्तेन, सर्फु स्वः उत्पत्ति स्तुपा छोर्तेनलाई वौद्ध दर्शन तथा शिक्षाको केन्द्रको रुपमा प्रवर्द्धन गरिनेछ ।
- कृषि, जडिवुटी, पर्यटन, पशुपालन लगायतका आर्थिक विकासका संवाहक क्षेत्रमार्फत आर्थिक विकास तथा आयआर्जनलाई जोड दिइनेछ ।
- अति विपन्न गरिब घरपरिवार पहिचान गरी जीविकोपार्जन सुधार हुने गरी आवश्यक सिप तालिम तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, बालबालिका तथा युवा सशक्तीकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- डढेलो नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिई घाँसे विरूवा तथा स्थानीय अनुकुलन अनुसार विरूवा रोपी प्रत्येक वडाका बृहत बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिको विकास तथा मूलप्रवाहीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाभित्रका राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवीहरुसँग मित्रवत् सम्बन्ध कायम राख्दै शासन, विकास र सेवा प्रवाहमा सबै सरोकारवाला पक्षसँग सहकार्य तथा समन्वय गरिने नीति अवलम्बन गरिनेछ ।

- जैविक विविधता तथा संस्कृतिको खुला संग्रहालयको रुपमा रहेको चुमनुब्री गाउँपालिकालाई ऐतिहासिक, धार्मिक, भाषिक, सांस्कृतिक केन्द्रको रुपमा अगाडि बढाइनेछ।
- गाउँपालिका भित्रका वौद्ध धर्मगुरु (रिन्पोछे,खेन्पो,गेशे,लोपोन) पर्वतारोही, डाक्टर, इन्जिनियर, राष्ट्रसेवक कर्मचारी, शिक्षाविद्, समाजसेवी, सफल व्यवसायी, खेलाडी, कलाकार लगायतका विशिष्ट व्यक्तित्वहरुलाई निजहरुको योगदानको उच्च मुल्याङ्कन गरी समय समयमा विशेष सम्मान गरी उत्प्रेरणा जगाउने कार्य गरिनेछ।
- गाउँपालिका भित्रका विद्यालयहरुबाट SEE मा सर्वोत्कृष्ठ अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई विशेष सम्मान र पुरस्कार र उच्च शिक्षाका लागि छात्रावृत्तिको व्यवस्था गरिनेछ।
- प्रत्येक वडाका टोलटोलमा स्वास्थ्य परीक्षण कार्यलाई निरन्तरता दिइनेछ।
- पालिका भित्रका आमा समूह, युवा क्लवको सक्रियाता वृद्धि गर्न क्षमता विकास कार्यक्रम तथा सहयोग उपलब्ध गराईनेछ।
- स्थानीय स्रोत साधनको महत्तम उपयोग गरी गाउँपालिकाको राजश्व वृद्धिका लागि आवश्यक कार्यक्रमहरु अगाडि वढाइनेछ।
- गाउँपालिकाको दिर्घकालिन महत्वको परियोजना तथा गुरुयोजनामा समेटिएका आयोजनाहरु प्राथामिकताका आधारमा कार्यान्वयन गर्रिंदै लगिनेछ।
- सेवा प्रवाहलाई चुस्त, दुरुस्त, भ्रष्टचारमुक्त, पारदर्शी र जनउत्तरदायी बनाउन शुन्य सहनशिलताको सिद्धान्त अपनाइनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि बालमैत्री शिक्षक सिकाई तथा निरन्तर मूल्यांकन जस्ता नविन शैक्षिक अभ्यासहरूको कार्यान्वयन गरिनेछ।
- दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्न स्थानीय नीति तथा कार्ययोजना निर्माण गरी बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको कोडिङ, जेसी कोडिङ लाई समावेश गरिनेछ।
- गैर सरकारी संस्थालाई आफ्नो बजेट तथा योजना गाउँसभाबाट पारित गराउने व्यवस्था मिलाइनेछ।
- चुमनुब्री गाउँपालिकाभित्र एक वडा एक गौरवको आयोजना अगाडि बढाइनेछ।
- वेनिघाट - लार्के सडक निर्माणबाट प्रभावित हुने पदमार्गको विकल्पमा चुम र नुब्री दुवै क्षेत्रमा वैकल्पिक पदमार्ग निर्माणको लागि आवश्यक प्रकिया अगाडि बढाइनेछ।

- गाउँपालिका मातहतका सम्पूर्ण कार्यालयमा नागरिक वडापत्र तथा जिन्सी अभिलेख दुरुस्त राख्न न्यु पाम्स प्रणाली पूर्णरूपमा कार्यान्वयन गरिनेछ।
- यस गाउँपालिकालाई विशेष क्षेत्र कायम गर्न प्रदेश सरकारले गरेको सिफारिसलाई धन्यवाद दिँदै संघीय सरकारलाई विशेष स्वायत्त क्षेत्र कायम गरिदिन विशेष अनुरोध गरिनेछ।
- पालिकाको जनशक्ति क्षमता विकासमा बजेटमा आवश्यक व्यवस्था गरिनेछ। साथै कर्मचारी कार्यक्षमता वृद्धि गर्दै कार्यसम्पादनमा गुणात्मक सुधार ल्याउन प्राविधिकि कर्मचारी फिल्ड भत्ताको व्यवस्थालाई निरन्तरता दिईनेछ।

६. स्थानीय सरकारले सिमित स्रोत र साधनको अधिकतम परिचालनद्वारा जनताको जनभावना, जनआकांक्षा र आवश्यकताका आधारमा स्थानीय नागरिकको जीवनस्तरमा सुधार गर्न दृढ संकल्पका साथ अगाडि बढिरहने प्रतिवद्धता व्यक्त गर्दै यस गरीमामय सभामा आ.व. २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

गाउँसभाका सदस्य ज्यूहरु,

७. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय सरकारको सोह्रौ आवधिक योजना, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय योजना, चुमनुब्री गाउँपालिको आवधिक दोश्रो पञ्चवर्षिय योजना, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका मार्गनिर्देशनहरु र परिपत्रहरुलाई आधार मानी प्रस्तावित नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, कृषि क्षेत्रको आधुनिकीकरण, परम्परागत रुपमा प्रयोग हुँदै आएको रैथाने वाली संरक्षण, पूर्वाधार निर्माण, उद्यमशिलता र रोजगारी बृद्धि, दिगो विकास, पर्यटन क्षेत्रको विविधिकरण तथा पर्यटनलाई आयआर्जनसँग जोड्दै, प्रभावकारी सेवा प्रवाह, लक्षित वर्गको क्षमता विकास तथा सशक्तीकरण र कानूनी शासनको प्रत्याभूतिलाई प्राथमिकता राख्दै " दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री " को दिर्घकालीन सोच पुरा गर्नेतर्फ केन्द्रित छ।

चुमनुब्री गाउँपालिकाको समृद्धि र विकासका लागि आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रहरु यहाँहरु माझ प्रस्तुत गर्ने अनुमति चाहन्छु।

# क्षेत्रगत नीति तथा आधार

## आर्थिक विकास क्षेत्र

### कृषि

८. परम्परागत रुपमा हुदै आएको कृषि कार्यलाई व्यवसायिक तथा उत्पादनमुखी बनाउन उन्नत जात तथा वातावरण अनुकुल स्याउ, दाँते ओखर, लसुन, आलु लगायतका विरुवा तथा विउ

विजन अनुदानको रुपमा उपलब्ध गराइनेछ। रैथाने बाली (सिमि, करु,कोदो, आलु र तोरी ) लाई ब्राण्डिङ गरी बजार प्रवर्द्धन गर्ने नीति लिइनेछ।

९. कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्दै प्रत्येक वडामा एक वडा एक उत्पादन पकेट क्षेत्रको रूपमा विकास गरिनेछ।

१०. बालीबाट विक्रीयोग्य वस्तु तथा सामान तयार गरी कृषि पेशालाई व्यापारसँग व्यवसायीकरण गरिनेछ।

११. पशुपन्छी व्यवसायिक उत्पादन मार्फत स्थानीय जनताको जीवनस्तरमा सुधार गर्न र प्रोत्साहन गर्नका लागि कृषि फर्म अनुदान उपलब्ध गराइनेछ।

१२. चुमनुब्री गाउँपालिकाको कृषि प्रोफाईल तयार गरिनेछ। कृषि तथ्याङ्क सङ्कलन, किसान सूचिकरण कार्यक्रमलाई निरन्तर कार्यान्वयन गरिनेछ।

१३. कृषि उत्पादन वृद्धि गर्न माटो परिक्षण, उपचार विधि तथा मोबाईल घुम्ति शिविरबाट माटो परिक्षणको व्यवस्था मिलाईनेछ।

१४. जैविक विषादी प्रोत्साहन तथा प्राङ्गारिक मल प्लान्ट सञ्चालन गरिनेछ।

१५. मौसमी तथा बेमौसमी तरकारी उत्पादनको गुणस्तर र उत्पादकत्व वृद्धि कृषकहरूलाई तालिम सहित सुपथ मुल्यमा बिउ बेर्ना उपलब्ध गराईनेछ।

१६. बाँझो जग्गामा खेती गर्ने कृषकलाई अनुदान प्रोत्साहन गरी खाली जमिनलाई पूर्ण उपयोगमा ल्याइनेछ। जग्गा बाँझो राख्न नपाइने नीति अवलम्बन गरिनेछ।

१७. एक घर एक मौरी घार तथा व्यावसायिक मह उत्पादनका लागि मौरी प्रवर्द्धन कार्यक्रम तथा व्यवसायिक टिमुर खेती तथा गोलो दाल (सिमि) खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१८. गाउँपालिका भित्रका सबै घरपालुवा पशुको पशु आधिकारीक रूपमा पशु बीमा गराउन बीमा प्राधिकरणसँग समन्वय गरी कार्यान्वयन गरिनेछ।

१९. चौरी पालन प्रवर्द्धन तथा स्थानीय उत्पादनको प्रशोधन, बजारीकरणका लागि तालिम तथा उपकरण अनुदानमा कार्यक्रम सञ्चालन गरिनेछ।

२०. कृषि उत्पादन प्रभावित हुने गरी देशैभरी बढ्दो बाँदर आक्रमण तथा चुमनुब्री गाउँपालिकामा बढ्दो भालु आक्रमणलाई नियन्त्रण गरी नागरिकको जीउ ज्यानको रक्षा तथा बाली रक्षाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२१. स्थानीयस्तरमा उत्पादन हुने कच्चा पदार्थ तथा जडिबुटी प्रशोधन गरी बिक्रियोग्य बस्तु तयार गर्नका लागि तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## पर्यटन तथा संस्कृति

२२. चुमनुब्री गाउँपालिकामा विश्वको आठौं नेपालको साँतौ अग्लो मनास्लु हिमाल, नेपालकै प्रसिद्ध लार्केपास पदमार्ग लगायत विभिन्न हिमाल, चुम र नुब्री उपत्यका, ताल, मौलिक संस्कृति तथा जैविक विविधताको खुल्ला संग्रहालय भएको हुँदा यस गाउँपालिकालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न र " दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री " को

दिर्घकालिन सोचलाई साकार पार्नका लागि संघ, प्रदेश सरकार र विकास साझेदारहरुसँग आवश्यक समन्वय गरी पर्यटन गुरुयोजना निर्माण गरी पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरिनेछ ।

२३. जैविक विविधताको खुला संग्रहालय चुम उपत्यकामा चली आएको श्याग्या परम्परालाई चिरकालसम्म कायम गरी अन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार गरी प्रवर्द्धन गरिनेछ । यसबाट साँस्कृतिक पर्यटन लाई व्यवसायीकरण गरिनेछ ।

२४. बहुसँख्यक पर्यटकहरूको रोजाईमा पर्ने मनास्लु पदमार्ग र चुमभ्याली पदमार्गको स्तररोन्ती, पुल निर्माण तथा सडकले प्रभावित भएको खण्डमा वैकल्पिक पदमार्ग निर्माणको कार्य गरिनेछ ।

२५. दुधपोखरी, रुपीनाला, कालताल, हिमचुली, पुङगिन गुम्बा, सेराङ गुम्बा, मुगुम्बा, राजेन गुम्बा, रिपुङ गुम्बा, गुम्बा लोङडाङ, डेडोल्मा लगायतका पर्यटकीय स्थलहरुमा प्रदेश सरकारसँग समन्वय गरी वैकल्पिक पदमार्ग निर्माण तथा पर्यटन पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२६. गाउँपालिकाभित्र हुने सबै प्रकारका कुरीति, घरेलु हिंसा, बालबालिकामाथि हुने सबै प्रकारका हिंसा, शोषण, बालविवाह, बहुविवाह जस्ता कुप्रथाको अन्त्य गर्न वडास्तरीय सचेतना तथा समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरी कुरीति तथा कुप्रथाको अन्त्य गरी बाल अधिकार तथा महिला अधिकार संरक्षणको सुनिश्चितता गरिनेछ ।

२७. जलवायु परिवर्तनको असरले मौसमी वर्षामा कमी हुँदा यस गाउँपालिकाको विभिन्न वडामा उत्पादन हुने अन्नबालीमा परेको असरलाई मध्यनजर गर्दै असर न्यूनिकरण सम्बन्धी कार्यक्रम ईसिमोडसँग समन्वय  गरी सञ्चालन गरिनेछ ।

२८. साहसिक पर्यटन ( क्यानोइङ, काइकिङ, रक क्लाइम्बिङ, आइस क्लाइम्बिङ) लगायतका खेलहरुको सम्भाव्यता अध्ययन गर्ने कार्यको प्रक्रिया अगाडि बढाइनेछ ।

२९. चालू आ व मा गाउँपालिकाले विदेशी तथा स्वदेशी पर्यटकहरूसँग संकलन गर्दै आएको पर्यटन शुल्कलाई संविधानतः क्षेत्राधिकारमा विवाद नहुने गरी चुमनुब्री गाउँपालिका पर्यटन शुल्क संकलन कार्यलाई निरन्तरता दिईनेछ र संकलन भएको राजश्वलाई पर्यटन विकासका क्षेत्रमा नै लगानी गरिनेछ ।

३०. चुमनुब्री गाउँपालिका वडा नं ३ को भेषभुषा, सँस्कृती तथा परम्पराको अध्ययन अनुसन्धान गरी दस्तावेजीकरण गरिनेछ ।

३१. चुमनुब्री गाउँपालिकामा प्रवेश गर्ने पर्यटकसँगसँगै ठुलो सँख्यामा कुकुर लगायतका घरपालुवा जनावर पनि प्रवेश गर्ने र उचित रेखदेखको अभावमा ती जनावरहरू जँगली कुकुरमा परिणत भई समस्या उत्पन्न हुने हुँदा विभिन्न सँघ,सँस्थाहरूसँग सहकार्य गरी कुकुर बन्ध्याकरण तथा नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।

३२.  सिराङ्गी हिमाल संरक्षण तथा प्रचारप्रसार गर्नका लागि छुट्टै कार्यविधि तर्जुमा गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. गाउँपालिकामा रहेको बहुसँख्यक गुम्बा, माने, कानेहरूको निर्माण तथा मर्मत सम्भार गर्दा मौलिक तथा परम्परागतशैली अनुसार नै गरिने नीति अवलम्बन गरिनेछ।

३४. सडक विस्तारबाट प्रभावित हुने मनास्लु सर्किट तथा चुम भ्याली पदमार्गको हालको पदमार्गको विकल्पमा अन्य वैकल्पिक पदमार्ग निर्माणको कार्यलाई अघि बढाई नयाँ हिमशिखर पहिचान तथा आरोहण अनुमती जारी गर्न सम्बन्धीत निकायमा पहल गरिनेछ।

३५. विपदमा बाढि, पहिरोबाट पदमार्ग हुन सक्ने अवरोध तत्काल हटाउन प्रत्येक वडामा पदमार्ग सरसफाई तथा सम्भार खर्चबाट पदमार्ग हेरालुको व्यवस्था गरिनेछ।

३६. पदयात्राको मुख्य सिजनमा हुन सक्ने स्वास्थ्य समस्या निवारण, हाई अल्टिच्युड सचेतनाका लागि चुमनुब्री गाउँपालिका वडा नं १  धर्मशालामा मौसमी स्वास्थ्य क्लिनिक सञ्चालन गरिनेछ।

३७. चुमनुब्री गाउँपालिका प्रवेशद्धारको रूपमा जगत गाउँलाई नमुना पर्यटकीय गाउँको रूपमा विकास गर्न आवश्यक पूर्वाधार संरचना तथा पर्यटन व्यवसायीलाई स्थानीय उत्पादनमा आधारित पाककला तालिम प्रदान गरिनेछ।

## उद्योग व्यापार र व्यवसाय

३८. उद्योग व्यवसायको विकास गाउँपालिकाको समृद्धिको आधार हो। आर्थिक क्रियाकलाप, रोजगारी र मुल्य अभिवृद्धिमा उद्योग, व्यापार र व्यवसायको प्रमुख भुमिका हुने भएकाले गाउँपालिका भित्र रहेका बेरोजगार युवायुवती र विदेशबाट फर्किएका युवायुवतीहरुलाई स्थानीय लघु उद्योग व्यवसायलाई आधुनिक तवरले सञ्चालन गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. स्थानीय पसलहरुमा मुल्य नियन्त्रण गर्ने, मुल्य सूचि राख्ने, कालो बजारी रोक्ने, अत्यावश्यक वस्तुहरुको अभाव हुन नदिन बजारको नियमित अनुगमन र नियमन गरी उपभोक्ता हित संरक्षण र असल व्यवसायिक संस्कारको विकास गरिनेछ।

४०. महिला उद्यमीबाट सञ्चालन हुने उद्योग व्यवसायलाई विशेष प्रोत्साहन गर्न विविध कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय उद्योग व्यापार व्यवसायको क्षमता विकासका लागि आवश्यक व्यवस्था गरिनेछ।

४१. गाउँपालिकाभित्रका सार्वजनिक स्थानमा व्यापार, व्यवसाय तथा उद्योग गरेर बसेका व्यवसायीहरुको लगत संकलन गरी करको दायरा ल्याइनेछ।

४२. स्थानीय कच्चा पदार्थको प्रयोग गरी वस्तु तथा सामान तयार गर्नका लागि सीपमूलक तालिम सञ्चालन गरिनेछ। पालिकाको उद्यम विकास कार्यक्रमलाई स्वरोजगारी सिर्जनामा केन्द्रित गरिनेछ। साथै स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि क्षेत्रगत नीति र योजना तयार गरी कार्यान्वयन गरिनेछ।

४३. स्थानीय उत्पादनको प्रवर्द्धन तथा बजारीकरण गर्नका लागि हाटबजार तथा कोसेली घर सञ्चालनमा ल्याईनेछ भने होमस्टे व्यवसाय प्रवर्द्धनका लागि होमस्टे व्यवस्थापन तथा रैथाने पाक तालिम सञ्चालन गरिनेछ ।

### सहकारी तथा वित्तिय सेवा

४४. सहकारी संस्थाहरुको संस्थागत विकासका लागि व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ। जडीबुटी, कृषि तथा पशुजन्य उत्पादन र बजारीकरणमा सहकारी क्षेत्रको उपयोग गरिनेछ। सहकारी संस्था कोपोमिस प्रणालीमार्फत सञ्चालन गर्न अनिवार्य गराइनेछ।

४५. गाउँपालिका अन्तर्गत सञ्चालित सहकारीहरूको आन्तरिक गतिविधि तथा आर्थिक कारोबारको समय समयमा अनुगमन गरिनेछ।

४६. सार्वजनिक -निजी साझेदारी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

४७. चुमनुब्री गाउँपालिकाको शैक्षिक स्तर उकास्न विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ। वैकल्पिक शिक्षा, प्रौढ शिक्षा जस्ता कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

४८. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्न गाउँपालिका भित्रका सबै विद्यालयहरुमा सुरक्षित घेराबार, खेल मैदान, शुद्ध पिउने पानी, छात्रछात्रा शौचालय र स्वच्छ हरित विद्यालय निर्माण गर्ने कार्यलाई अगाडि बनाईनेछ।

४९. चुमनुब्री गाउँपालिकाको भौगोलिक विकटतालाई मध्यनजर गर्दै जनसंख्या तथा आवश्यकताका आधारमा विद्यालयबाट टाढा रहेका बस्तीका बालबालिकाहरुलाई शिक्षाको सुलभ पहुँचका लागि प्रारम्भिक बालविकास कक्षा सञ्चालन अनुमति दिई आवश्यक बालविकास सहजकर्ताको व्यवस्था गरिनेछ। नेपाल सरकारको नीतिअनुरुप बालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई तोकिएको तलबमानमा संघीय सरकारले व्यहोर्ने रकमबाहेक थप आवश्यक पर्ने रकम गाउँपालिकाबाट व्यहोर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५०. चुमनुब्री गाउँपालिका वडा नं. ३ मा रहेको बुद्ध माध्यामिक विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा मर्मत गरी १२ सम्म पठन पाठन सुचारु गर्नको लागि प्रारम्भिक अध्ययन सहित आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।

५१. विद्यालय शिक्षामा गुणस्तर कायम गर्न, शैक्षिक सुशासन कायम गर्न शिक्षकको नियमितता तथा अनुशासन पहिलो शर्त भएकोले प्रधानध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउन गाउँपालिकासँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाईनेछ।

५२. गाउँपालिकाभित्रका बालबालिकाहरुलाई औपचारिक शिक्षा अगाडी मन्टेश्वरी कक्षा सञ्चालन गरी खेल्दै सिक्दै गर्ने गरी औपचारिक शिक्षामा भर्नादर अभिवृद्धि गर्न बाल विकास शिक्षकहरुलाई मन्टेश्वरी तालिम सञ्चालन गरिनेछ ।

५३. विद्यालय क्षेत्रबाट १०० मिटर आसपासका पसलहरूबाट सुर्तिजन्य तथा मादक पदार्थ विक्रि वितरण गर्ने कार्यलाई पुर्ण रूपमा निषेध गरिनेछ ।

५४. सामुदायिक विद्यालयहरुको शैक्षिक सुधारका लागि शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान, व्यवस्थापन, पुनर्वितरण एवं दरबन्दी सिर्जना विद्यालयको आवश्यकताको आधारमा गरिनेछ । एक विद्यालय एक कम्प्युटर, नियमित विद्यालय अनुगमन, शैक्षिक सामाग्री तथा पाठ्य सामाग्री वितरण तथा शिक्षकहरुलाई कम्प्युटर र लेखा तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५५. गाउँपालिकाको सामुदायिक विद्यालयको भौतिक अवस्था, खानेपानी, शौंचालय आदिको अनुगमन गरी जिर्ण रहेका पूर्वाधारहरुको निर्माणका लागि सङ्घीय सरकार, प्रदेश सरकार, र अन्य संघ संस्थाहरुलाई सहयोगका लागि पहल गरिनेछ ।

५६. चुमनुब्री गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत गरिब तथा जेहन्दार एवं आर्थिक रुपले विपन्न, वञ्चितिकरण र वहिष्करणमा रहेका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि उच्च शिक्षा छात्रवृति कोष स्थापना गरिनेछ ।

५७. चुमनुब्री गाउँपालिकाको स्थानीय भेषभूषा, भाषा, धर्म, संस्कृति तथा रहनसहन झल्किने स्थानीय पाठ्यक्रम निर्माण भईसकेको हुँदा विद्यालय शिक्षामा समावेश गराई अध्यायपनको व्यवस्था मिलाईनेछ ।।

५८. विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा शिक्षक कर्मचारीको असल सम्बन्ध र सञ्चार व्यवस्थापनका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५९. गाउँपालिकाको शैक्षिक स्तर सुधार गर्न अध्ययन अवलोकन भ्रमण, क्षमता विकास तालिम, अत्याधुनिक लाईब्रेरी, ICT ल्याव, साइन्स ल्याव, बुक रहित शुक्रबार, पढ्दै- सिक्दै - कमाउँदै लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६०. गाउँपालिकाका विद्यालयमा सञ्चालन हुने दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनको उपयोग गरिने नीति लिई जंकफूडको प्रयोगलाई निषेध गरिनेछ ।

६१. हिमाली आवासीय छात्रावास कोटो थपका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा आवश्यक पहल गरिनेछ भने विद्यालयमा निकासा हुने रकमको मितव्ययी र प्रभावकारी रुपमा उपयोग गर्न नियमित अनुगमन तथा निरिक्षण गरिनेछ ।

६२. संघीय सरकारले उपलब्ध गराउँदै आएको हिमाली छात्रावास व्यवस्थापन तथा सञ्चालन बजेट अपुग हुने भएकोले आवश्यकता अनुसार बुद्ध मावि, सिराङ्गी गुम्बा मा वि, ल्हो मा विमा आवासिय कोटा थप, गाउँपालिका अनुदानमा शिक्षक दरबन्दी उपलब्ध, बाल क्लब तथा स्काउट व्यवस्थापन, एक विद्यालय एक नर्स जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

## स्वास्थ्य तथा पोषण

६३. विभिन्न समयमा फैलिन सक्ने महामारी जन्य रोग तथा समस्याको समाधानको लागि आवश्यक पर्ने औषधी, किट, औजार, उपकरण खरिद तथा दुर्त प्रतिकार्य टोलीलाई सक्रिय बनाईनेछ।

६४. स्वास्थ्य संस्थाहरूको रिपोर्टिङ कार्यलाई प्रभावकारी बनाउन DHIS प्रणाली सबै स्वास्थ्य चौकीहरूमा पूर्णरूपमा लागु गरिनेछ।

६५. पूर्ण खोप दिगोपना सुनिश्चितता एवं खोपको गुणस्तर कायम राख्न चुमनुब्री गाउँपालिका वडा नं ४ लार्केबजार स्वास्थ्य चौकी र वडा नं ६ चुम्लिङ स्वास्थ्य ईकाईमा खोप भण्डारणको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

६६. महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई प्रोत्साहन गर्न प्रोत्साहन भत्ताको व्यवस्था गर्नुका साथै महिला स्वास्थ्य स्वमसेविका क्षमता विकास तालिमको व्यवस्थालाई निरन्तरता दिइनेछ।

६७. संघीय सरकारबाट सञ्चालित बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालनार्थ पालिकाबाट आवश्यक बजेट लागत साझेदारी गरी विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

६८. गर्भवती तथा सुत्केरी महिलाका लागि नियमित स्वास्थ्य परीक्षण गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराई सरकारी सुविधाका अलवा पौष्टिक आहार सहितको पोषिलो झोला कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रसुति गृहमा आएर सुत्केरी भएका महिलाहरुका लागि ५ दिन सम्मका लागि निशुल्क म्याटरनिटि वयेटिङ रूमको व्यवस्था गरिनेछ ।

६९. ज्येष्ठ नागरिक, असहाय, अपाङ्ग, एकल महिला र विपन्न वर्गको स्वास्थ्य परीक्षणका लागि प्रत्येक वडामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। पाठेघर खस्ने, पाठेघर तथा स्तन क्यान्सर, महिनावारी हुदाँ हुने समस्या लगायतका स्त्रीरोग सम्बन्धी रोग पहिचान र उपचार सम्बन्धी वृहत स्वास्थ्य शिविर विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ।

७०. तत्काल उपचार नपाए ज्यान जोखिममा पर्ने जटिल प्रकृतिको सुत्केरी र गम्भीर दुर्घटनामा परेकाको उपचारका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी हेली एम्बुलेन्स सेवा उपलब्ध गराउन सहजीकरण गरिनेछ।

७१. सरुवा रोग, पानीजन्य रोग, मधुमेह, रक्तचाप, हृदयघात जस्ता रोगबाट बच्ने उपायका बारेमा श्रव्य तथा दृष्य सामाग्रीहरु तयार गरी व्यापक प्रचार प्रसार गरिनेछ।

७२. स्वास्थ्यकर्मीहरुको सीप र दक्षता अभिबृद्धि गर्नका लागि आवश्यक क्षमता विकास कार्यक्रम तथा तालिमको व्यवस्था गरिनेछ। स्थानीयस्तरमा स्थानीय जडिबुटीको प्रयोगद्वारा परम्परागत रुपमा उपचार गरिने सोवारिग्पा आम्ची पद्धतिलाई प्रवर्द्धन गर्न बनेको ऐन प्रभावकारी तवरबाट कार्यान्वयन गर्न कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ।

७३. बालबालिकाहरुको पूर्ण खोप सूनिश्चितताका लागि विद्यार्थी भर्ना गर्दा खोप कार्ड अनिवार्य गरिनेछ ।प्रत्येक बस्तीमा आवश्यकता अनुसार खोप केन्द्र स्थापना गरिनेछ ।

७४. प्रत्येक टोल तथा बस्तीमा स्वास्थ्य तथा सरसफाई आमा समूहहरुको गठन गरी उनीहरुको क्षमता विकास, स्वास्थ्य तथा पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७५. सामुदायिक स्वास्थ्य संस्थामा NGO/INGO बाट व्यवस्थापन गरिएका कर्मचारीहरुमा अपुग हुने भएमा गाउँपालिकाबाट स्वास्थ्य संस्थामा कर्मचारी कामकाजमा खटाई सेवालाई निरन्तरता दिइनेछ ।

७६. स्वास्थ्य चौकीहरूमा भौतिक पूर्वाधारको अवस्था सुधार गर्ने कार्यक्रमलाई निरन्तरता दिई सूचना तथा प्रविधियूक्त बनाईनेछ ।

## युवा तथा खेलकुद

७७. युवा क्लवहरुलाई गाउँपालिकामा दर्ता तथा नविकरण गर्नका लागि उत्प्रेरणा जगाई क्लवहरुको संस्थागत विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।

७८. यूवा लक्षित सीपमुलक तालिम अन्तर्गत निगालो प्रशोधन एवं सामाग्री तयार तालिम, स्याउ सुकुटी बनाउने तालिम, कुक तालिम, पर्यटक गाईड, वेकरी तथा ब्यारिष्टा तालिम जस्ता तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. प्रत्येक वडामा खेलकुद मैदानको निर्माण तथा गाउँपालिका स्तरमा कभर्डहलको निर्माण गरी खेलकुद सामग्री उपलब्ध गराउने कार्यलाई नमुनाको रुपमा अगाडी बढाउनेछ । युवाहरुलाई खेलकुद तर्फ आकर्षित गराउन वडा र गाउँपालिका तहमा तथा अन्तर विद्यालय स्तर वार्षिक रुपमा खेलकुद प्रतियोगिता तथा राष्ट्रिय रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिनेछ ।

८०. " स्वास्थ्यका लागि खेलकुद " भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिकाभित्र आगामी आर्थिक वर्षमा मनास्लु फुटबल प्रतियोगता तथा भलिबल प्रतियोगता आयोजना गरिनेछ ।

८१. गाउँपालिका स्तरीय उत्कृष्ट खेलाडीहरुलाई जिल्ला, प्रदेश तथा सङ्घीय स्तरमा आयोजना हुने खेलकुदमा भाग लिन लगाई उत्कृष्टता हासिल गरी पदक प्राप्त गरेमा पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

८२. राष्ट्रिय रनिङ शिल्ड कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी प्रतिस्पर्धात्मक क्षमता विकास गरी उत्प्रेरणा जगाई असल जनशक्ति निर्माण गरिनेछ ।

८३. यूवा वर्गहरूमा बढ्दो दुर्व्यसनीलाई न्युनिकरण गर्न विद्यालयमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

८४. समावेशी नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन र कार्यान्वयन गरी समावेशी अनुगमन र मुल्यांकन प्रणालीलाई अवलम्वन गरिनेछ ।

८५. आपत्कालिन तथा अन्य विपद्जन्य व्यवस्थापन सम्बन्धी योजना/कार्यक्रममा एकल महिला, दलित, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अति गरिब आदि जस्ता वर्ग तथा समुदायको थप जोखिम न्युनीकरणको लागि पहल गरिनेछ।

८६. अपांगता परिचय पत्र, ज्येष्ठ नागरिक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण गरी उनीहरुको मौलिक हक र अधिकारलाई संरक्षण र संवर्द्धन कार्यलाई निरन्तरता दिइनेछ।

८७. अपांगता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन उनीहरुलाई आवश्यक पर्ने सहायता सामग्रीको व्यवस्थापनमा विभिन्न सहयोगी व्यक्ति तथा संघ संस्थाहरुसँग सहकार्य तथा सहलगानी गरिनेछ।

८८. युवा रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गर्दा न्यून जीवनस्तर भएका र आर्थिक रुपमा अति विपन्न तथा संकटमा परेका घरपरिवारलाई प्राथमिकता दिने नीतिगत व्यवस्थालाई निरन्तरता दिईनेछ।

८९. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, एकल महिला, आदिवासी जनजाती र आर्थिक रुपमा विपन्न परिवारको पहिचान गरी क्षमता विकास, जनचेतना अभिवृद्धि, अधिकारमा आधारित तालिम लगायतका सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९०. लैंगिक समनता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत प्राप्त सुझावलाई कार्यान्वयन गरिनेछ।

९१. पालिकाबाट गठन हुने समिति, उपसमितिहरुमा समानुपातिक समावेशिता कायम हुने गरी नीतिगत व्यवस्था गरिनेछ।

९२. महिलाहरुको स्वावलम्बन तथा आर्थिक रुपमा सबल गराउन, गाउँपालिका क्षेत्रभित्र महिला सशक्तिकरणका साथै महिलाहरुको समग्र पक्षको विकास गर्न महिला सशक्तिकरण तथा सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९३. चुमनुब्री गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०८० लाई पूर्ण कार्यान्वयनमा ल्याईनेछ।

९४. बालमैत्री स्थानीय नीतिको तर्जुमा गरी बालमैत्री स्थानीय तह घोषणाको लागि आवश्यक व्यवस्था गरिनेछ।

## खानेपानी तथा सरसफाई

९५. गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी ऐन एवं कार्यविधि निर्माण गरी खानेपानी तथा सरसफाई र स्वच्छता योजना बनाई कार्यान्वयन गरिनेछ।

९६. गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति र प्रत्येक वडामा वडा स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति गठन गरी खानेपानी तथा सरसफाईका कार्यहरु सोही समिति मार्फत अगाडी बढाइ प्रदुषणमुक्त चुमनुब्रीको अवधारणालाई कार्यान्वयन गरिनेछ।

९७. चुमनुब्री गाउँपालिकाको खानेपानी तथा सरसफाई गुरुयोजना अनुसार खानेपानी नपुगेका बस्तीहरुमा नयाँ खानेपानी निर्माण गर्ने, मर्मत गर्नुपर्ने योजनाहरु मर्मत गर्ने कार्यका लागि संघ र प्रदेश सरकार तथा विकास साझेदारहरुसँग सहकार्य गरी एक घर एक धाराको अवधारणा अनुरुप निर्माण गरिनेछ।

९८. विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, प्रसुति गृह, सरकारी कार्यालय आदिमा व्यवस्थित पानीसहितको महिला, अपाङ्ग र बालमैत्री शौंचालय निर्माण गरी नियमित सरसफाईको व्यवस्था गरिनेछ।

९९. घर टोल सफा राख्न र उत्सर्जित फोहोरको व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ। साथै आवश्यकताअनुसार सार्वजनिक शौंचालयको निर्माण गरी समुदायलाई व्यवस्थापनको जिम्मा दिईनेछ।

१००. खानेपानी गुणस्तर परिक्षण कार्यलाई निरन्तरता दिई गुणस्तरीय मुहानबाट सबै नागरिकमा सुरक्षित खानेपानीको व्यवस्था मिलाईनेछ।

१०१. फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन नीति निर्माण गरिने छ र फोहर विसर्जन केन्द्रको स्थापना कार्यलाई निरन्तरता दिईनेछ।

१०२. पर्यटकसँगै बढ्दो फोहोर चुनौतीलाई समाधान गर्न फोहोरमैला न्यनुकीरण, स्रोतमा वर्गिकरण, पुनप्रयोग सम्बन्धी कार्यहरू सञ्चालन गर्दै ल्यान्डफिल्ड साईट निर्माणका लागि अध्ययन गरिनेछ।

## पूर्वाधार विकास

१०३. गाउँपालिका भित्र सञ्चालन हुने सबै पुर्वाधारका क्रियाकलापहरू स्थानीय जैविक विविधता र प्राकृतिक स्रोतहरूको संरक्षण हुने गरी सञ्चालन गरिनेछ।

१०४. कुनै पनि क्षेत्रको समष्टिगत विकासको आधार संस्थागत विकास पहिलो प्राथमिकतामा हुने भएकाले गाउँपालिकाको बहुउपयोगी प्रमुख प्रशासकीय भवन निर्माणको कार्यलाई तिव्रताका साथ अगाडि बढाईनेछ।

१०५. चुमनुब्री गाउँपालिकाको पर्यटकीय, सामाजिक सांस्कृतिक महत्व लगायतका क्षेत्रगत आयोजनाहरुको योजना बैंक बनाई सबै आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन DPR तयार गरी गौरवका आयोजनाहरुलाई वहुवर्षीय आयोजनाको रुपमा लगानी गरिनेछ। उक्त आयोजना निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

१०६. निर्माणाधिन वेनीघाट लार्के लोकमार्गसँग गाउँपालिका केन्द्र र सबै वडाहरुलाई जोड्ने आवश्यक पर्ने बजेटका लागि संघ, प्रदेश सरकार तथा विकास साझेदारहरुसँग आवश्यक पहल गरिनेछ।

१०७. बहुउद्देश्यीय सामुदायिक भवनहरु निर्माण गरी निर्माण भएका भवनहरुबाट बस्तीहरुमा एकिकृत सेवा प्रवाह गरिनेछ । यस्ता संरचनाहरु निर्माण गर्दा महिला, जेष्ठ नागरिक, बालबालिका र अपाङ्गमैत्री बनाईनेछ ।

१०८. मर्मत सम्भार कोषको स्थापना गरी लाभग्राही र पालिकाको साझेदारीमा योजनाहरु मर्मत तथा कार्यान्वयन गरिनेछ ।

१०९. कादुरी एग्रिकल्चरल एड एशोसियन सँग सहकार्य गरी विद्युत नपुगेका ठाउँमा लघु जलविद्युत आयोजनाहरु तथा आवश्यक झोलुङ्गे पुलहरु निर्माण गरिनेछ भने लघु जलविद्युत पुग्न नसकेको ठाउँमा बैकल्पिक उर्जाको व्यवस्था गरिनेछ ।

११०. ल्याण्डलाईन सेवा विस्तार, मोबाईल नेटवर्क र इन्टरनेटको क्षमता अभिवृद्धिका लागि संघीय सरकार तथा नेपाल टेलिकम वायरलेस सेवा निर्देशनालयसँग समन्वय गरिनेछ। सुचना तथा संचार प्रविधिहरुको प्रयोगमा बढावा दिई प्रविधि मैत्री गाउँपालिकाको रुपमा विकास गर्दै लगिनेछ ।

१११. पालिकाका योजना कार्यान्वयन गर्ने क्रममा कानून बमोजिम IEE, EIA तथा BEA परिक्षण गरिनेछ ।

११२. चुमनुब्री गाउँपालिकाद्वारा कार्यान्वयन गर्ने विकासका योजनाहरुमा प्राविधिक दक्षता आवश्यक पर्ने सबै योजना बोलपत्र आह्वान प्रक्रियामार्फत सञ्चालन गरिने नीति लिइनेछ ।

११३. गाउँपालिका भित्रका खेतियोग्य जमिनको कृषि उत्पादकत्व वृद्धि गर्न कृषि सिचाई योजनाहरू सञ्चालन गरिनेछ ।

११४. मित्रराष्ट्र चीन सरकारबाट अनुदानमा गाउँपालिकालाई प्राप्त भएको एक्साभेटर कार्यविधि अनुसार सञ्चालन गरी स्थानीय पूर्वाधार विकास र राजश्व संकलनमा परिचालन कार्यलाई निरन्तरता दिइनेछ ।

११५. सडक यातायात गुरुयोजना तर्जुमा गर्ने, घर नक्सा पासको व्यवस्था गर्ने, सडकको क्षेत्राधिकार तोकिने छ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

११६. चुमनुब्री गाउँपालिकाभित्र अविरल वर्षाका कारण विस्थापित भएका परिवार विशेष गरी देवल, लोक्पा लगायतका स्थानीय बासिन्दाहरुको आर्थिक तथा भौतिक रुपमा पुनः स्थापना गरी दैनिक जिविकोपार्जनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

११७. भौगोलिक रुपमा विकट रहेको यस गाउँपालिकाका सम्पूर्ण बस्तीहरु बुढिगण्डकी नदी छेउछाउमा बसोवास रहेको अवस्थामा वर्षात्को समयमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपका कारणबाट धनजनको क्षति हुन नदिन तथा भूसंरक्षण र पर्यावरणको संरक्षण संवर्द्धन

गर्न नदी किनारा संरक्षण तथा भुस्खलन नियन्त्रण तथा भौगर्भिक अध्ययन तथा एकिकृत नमुना बस्ती विकासका लागि आवश्यक पहल गरिनेछ।

११८. चोरी शिकारी नियन्त्रण, जीवजन्तुहरुको संरक्षण, जलाधार क्षेत्र, पानीका श्रोतहरुको संरक्षणमा समुदायको सहभागीता बढाई दिगो जैविक विविधता संरक्षण गरिनेछ।

११९. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद व्यवस्थापन कोषको रकममा वृद्धि गरिनेछ। वातावरणमैत्री स्थानीय नीति तर्जुमा गरी वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन गरिनेछ।

१२०. विपद पूर्वतयारी, प्रतिकार्य तथा राहत उद्दार र पुनर्स्थापनाका लागि बजेट व्यवस्थापन सहित सञ्चार एवं समन्वय गर्न क्विक रेस्पोन्सको सिद्धान्तलाई अवलम्बन गरिनेछ।

१२१. चुमनुब्री गाउँपालिकालाई जलवायु, वातावरण तथा पर्यावरणीय दृष्टिकोणबाट सन्तुलन कायम गराउनको लागि वृहत वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। साथै पहिरो तथा भू - क्षय बाट जोखिमयुक्त ठाउँहरुमा माटो सुहाउँदो वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

१२२. चुमनुब्री गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोतसाधन (ढुङ्गा, गिटी, बालुवा) को उत्खन्न तथा संकलन गर्नको लागि नियमानुसार प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने नीति लिइनेछ।

१२३. चुमनुब्री गाउँपालिकाको विपद् व्यवस्थापन योजना, रणनीति र कार्ययोजना, आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापना गरिनेछ।

१२४. जलवायु परिवर्तन अनुकुलन र न्युनीकरण कार्यक्रमहरूलाई प्रवर्द्धन तथा व्यवस्थापन गर्नका लागि जलवायू परिवर्तन अनुकुलन कार्ययोजना निर्माण गरि कार्यान्वयन गरिनेछ।

१२५. विपद क्षतिबाट पुनरूत्थाहनका लागि घर बीमा तथा सामुहिक दुर्घटना बीमाका कार्यक्रम नेपाल बीमा प्राधिकरणसँग समन्वय गरी सञ्चालन गरिनेछ।

१२६. चुमनुब्री गाउँपालिकामा समस्याको रूपमा रहेको अव्यवस्थित तथा सकुम्वासी बसोवासीलाई यस अघि वितरण गरिएको जग्गा निस्सा बमोजिम जग्गा प्राप्तीका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय तथा पहल गरिदनेछ।

## सुशासन तथा संस्थागत विकास

१२७. गाउँपालिका भित्रका भौगोलिक, सामाजिक, आर्थिक, शैक्षिक, संस्थागत, लैङ्गिक लगायतका विषयक्षेत्रका खण्डीकृत तथ्याङ्क एकिकृत गरी सुचना तथा अभिलेख राखिनुका साथै वार्षिक रुपमा गाउँपालिकाको वस्तुगत विवरण प्रोफाईल) अद्यावधिक गरिनेछ।

१२८. सार्वजनिक खरिद प्रणालीलाई पारदर्शि बनाई अपेक्षित विकास नीतिलाई सारभूत रुपमा प्रभावकारी बनाउन कर्मचारी तथा सम्बद्ध पक्षलाई विद्युतिय खरिद प्रणाली र भौगोलिक सूचना प्रणाली सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

१२९. गाउँपालिकाभित्र रहेका सम्पूर्ण वडा कार्यालयहरु, गाउँपालिकाका स्वास्थ्य संस्थाहरु र शिक्षण संस्थाहरुमा आवश्यकता र औचित्यताका आधारमा इन्टरनेट सेवा विस्तार गरिनेछ।

१३०. भौगोलिक रुपमा विकट रहेको यस चुमनुब्री गाउँपालिकाको कामको शिलशिलामा कर्मचारी तथा पदाधिकारीहरु घाइते भएमा आपतकालिन उद्दार, राहत र पुनर्स्थापनाको लागि आवश्यक व्यवस्थालाई निरन्तरता दिईनेछ।

१३१. सबै वडा कार्यालयको स्थापना तथा भवन निर्माण भईसकेकाले वडाबाट प्रवाह हुने सेवाको विवरण तयार गरी नागरिक वडापत्रको व्यवस्था सहित अनलाईन सिफारिस प्रणालीको प्रयोग गरिनेछ।

१३२. सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी एवं प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास योजना बनाई कार्यान्वयन गरिनेछ। आवश्यकता अनुसार मौजुदा ऐन, नियम, कानुन र कार्यविधिहरुलाई परिमार्जन गर्दै नयाँ ऐन, नियम, कानुन र कार्यविधिहरुको तर्जुमा गर्दै लगिनेछ।

१३३. कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन पद्धतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेहि हुन उत्प्रेरित गरिनेछ। उच्च कार्य सम्पादन सहित उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई पुरस्कार सहित सम्मान गरिनेछ।

१३४. आन्तरिक लेखापरीक्षण प्रणालीलाई सुदृढीकरण गर्दै बेरुजु शुन्यताको दिशामा अघि बढिनेछ र पुरानो बेरूजू फर्छौट कार्यलाई प्रथामिकताका साथ अघि बढाईनेछ।

१३५. गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरिक अभिमत सर्भेक्षण, सेवाको सन्तुष्टि सर्भेक्षण, क्यूआर सहितको गुनासो सुन्ने प्रणाली जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१३६. गाउँपालिकाको वस्तुगत विवरण, दोश्रो आवधिक योजना, ऐन, कानुन, सभाका निर्णयहरु, कार्यक्रम, योजना तथा बजेट, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन, स्थानीय राजपत्र, लेखा परीक्षण प्रतिवेदन र आयोजना तथा परियोजनाको विवरण वेवसाईडमा नियमित रुपमा अध्यावधिक गरिनेछ।

१३७. जनप्रतिनिधि तथा कर्मचारीहरुको सिकाई क्षमता अभिबृद्धिका लागि अन्तर स्थानीय तह अध्ययन भ्रमणको व्यवस्था गरी सेवा प्रवाहमा थप सुधार गर्न पहल गरिनेछ।

१३८. गाउँपालिकाभित्र कार्यरत सम्पूर्ण गैरसरकारी संस्थाहरुको सूचीकरण गरी गैरसरकारी संघ संस्थाहरुबाट सञ्चालन गरिने कार्यक्रमहरुलाई गाउँपालिकाको स्वीकृति एवं समन्वयमा कार्यान्वयन गर्ने र वर्षमा कम्तीमा १ पटक गाउँपालिकासँग प्रगति समिक्षा गर्ने व्यवस्था मिलाईनेछ।

१३९. यही वर्ष देखी चुमनुब्री गाउँपालिकामा संघीय कर प्रशासन सम्बन्धी सेवा आंशिक रूपमा सुचारू भएकोमा आगामी आ व मा कर प्रशासन सम्बन्धी सम्पूर्ण सेवा पालिकाबाट प्रवाह हुने व्यवस्था मिलाईनेछ।

१४०. गाउँपालिका भित्र रहेका युवा क्लव, आमा समुह, कृषक समुह, महिला संजाल तथा बाल संजाल, जेष्ठ नागरिक संजाल र स्थानीय सामुदायिक संस्थाहरुको दर्ता गर्ने, अभिलेख राख्ने तथा नियमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ।

१४१. चुमनुब्री गाउँपालिकामा स्वास्थ्य, शिक्षा, कृषि तथा आयआर्जनक्षेत्रमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको कम्युनिटी एक्सन नेपालसँग स्वास्थ्य, शिक्षा, जिविकोपार्जन तथा पूर्वाधार विकास लगायतका क्षेत्रमा सहकार्य गरिनेछ।

१४२. दिगो विकासको लक्ष्यको स्थानीयकरण गर्नको लागि नेपाल सरकार र प्रदेश सरकारले लिएका नीतिहरुको स्थानीय तहमा पनि कार्यान्वयनका लागि रणनितिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४३. गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमा सुशासन कायम गरी नागरिकको सेवामा स्थानीय सरकारको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक वार्षिक कार्ययोजना तथा कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। राजश्व संकलन कार्यमा वडास्तरदेखि नै सुत्र अनलाईन राजश्व प्रणाली को प्रयोगलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

१४४. यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सवैको सहकार्य र स्वामित्व अपरिहार्य छ। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधिहरू, सरकारी निकाय,राजनीतिक दलहरु,संघ संस्थाहरु,निजी तथा सहकारी क्षेत्र लगायत सवैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु।

अन्त्यमा,

स्थानीय तह निर्वाचन २०७९ मार्फत गठन भएको हालको चुमनुब्री स्थानीय सरकारको तर्फबाट गाउँपालिकाको समग्र विकास र संमृद्धिमा योगदान पुऱ्याउने सहकर्मी जनप्रतिनिधिहरू, समस्त चुमनुब्रीबासी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, निजी सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सामाजिक अभियन्ता, युवा क्लव, आमा समूह, आमसञ्चार लगायतका सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद।

निमा लामा

अध्यक्ष